कर बुलेटिन
Tax Bulletin
http://www.ird.gov.np
वर्ष ९, अंक १, २०७८ साउन-असोज | आन्तरिक राजस्व विभागको त्रैमासिक प्रकाशन | Year 9, Issued: Juily-Oct, 2021

## राजस्व संकलनमा १०४.९३ प्रतिशत प्रगति हासिल

आर्थिक वर्ष २०७८/७९ को लागि विभागलाई रु. ५३७ अर्ब ९७ करोडको लक्ष्य प्राप्त भएको छ । उक्त लक्ष्य मध्ये श्रावणदेखि असोजसम्म रु. ९१ अर्ब ८४ करोड लक्ष्य रहेकोमा रु ९६ अर्ब ३६ करोड संकलन भई लक्ष्यको तुलनामा १०४.९३ प्रतिशत संकलन भएको छ । यो संकलन गत आर्थिक वर्षको यसै अवधिको संकलनको तुलनामा रु. १६ अर्ब ३४ करोड अर्थात २०.४२ प्रतिशतले बढी हो ।

शीर्षकगत रुपमा हेर्दा आयकरतर्फ रु. ४२ अर्ब १० करोड लक्ष्य रहेकोमा रु. ४५ अर्ब २१ करोड संकलन भई लक्ष्यको तुलनामा १०७.३७ प्रतिशत संकलन भएको छ । मूल्य अभिवृद्धि करतर्फ रु. ३० अर्ब ३६ करोड लक्ष्यमा रु. २६ अर्ब ८२ करोड संकलन अर्थात लक्ष्यको ८८.३७ प्रतिशत संकलन भएको छ । अन्तःशुल्कमा रु. १८ अर्ब ७० करोड लक्ष्य रहेकोमा रु. २२ अर्ब ९९ करोड संकलन भएको छ, जुन लक्ष्यको १२२.९६ प्रतिशत

# सेमि भर्चुअल विधिमार्फत व्यवस्थापन गोष्ठी, २०७८ सम्पन्न




आन्तरिक राजस्व विभागले मिति २०७८ भाद्र २९ र ३० गते सेमि भर्चुअल विधिमार्फत व्यवस्थाप गोष्ठी, २०७८ सम्पन्न गरेको छ । अर्थ मन्त्री जनार्दन शर्मा 'प्रभाकर' ले डिजिटल माध्यमबाट व्यानर अनावरण गरी गोष्ठीको औपचारिक शुभारम्भ गर्नुभएको थियो। भौतिक तथा सूचना प्रविधिको प्रयोग गरी भर्चुअल विधिबाट उपस्थित अतिथि र सहभागीहरूलाई विभागका उप-महानिर्देशक श्री मुक्ति प्रसाद पाण्डेले स्वागत गर्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो । स्वागत मन्तव्यका क्रममा उहाँले कोभिड १९ को असहज अवस्था र कार्य व्यस्तताका बाबजुद आन्तरिक राजस्व विभागलाई हौसला र मार्गनिर्देशन प्रदान गर्न गोष्ठीमा उपस्थित भइदिनु भएकोमा माननीय अर्थ मन्त्री जनार्दन शर्मा ‘प्रभाकर’, अर्थ मन्त्रालयका सचिव मधुकुमार मरासिनी, सचिव (राजस्व) कृष्णहरी पुष्कर, अर्थ मन्त्रालयको राजस्व व्यवस्थापन महाशाखाका सहसचिव रामेश्वर दंगाल, राजस्व अनुसन्धान विभागका महानिर्देशक राम प्रसाद आचार्य, भन्सार विभागका महानिर्देशक नारायण प्रसाद सापकोटा, सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रका प्रमुख दीर्घराज मैनाली लगायत अतिथिहरू प्रति आभार व्यक्त गर्दै

बाँकी ३ पृष्ठमा.......



# महानिर्देशकको सन्देश

"कोभिड-१९ महामारीबाट प्रभावित उद्योग व्यवसायलाई कर छुट तथा सहुलियत प्रदान गर्दै करको दायरा बिस्तार, कराधार संरक्षण र राजस्व चुहावट नियन्त्रण गर्ने तथा समग्र राजस्व प्रशासनको क्षमता वृद्धि एवं सूचना प्रविधिको अधिकतम उपयोगबाट स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्ने राजस्व नीतिको उद्देश्य बमोजिम विभागबाट तय गरिएका कार्यात्मक लक्ष्यहरु हासिल गर्न र आर्थिक ऐन, २०७८ ले प्रदान गरेका विभिन्न छुट तथा सुविधाहरुलाई कर दातामाझ प्रभावकारी सञ्चार गरी लाभान्वित हुने वातावरणको सिर्जना गर्ने कार्यमा आवश्यक कार्ययोजना बनाई उच्च मनोवल, सदाचार, पारदर्शिता एवम् जवाफदेहिताका साथ कार्यसम्पादन गर्न यस विभाग तथा मातहतका कार्यालय एवम् कर्मचारीहरुलाई अनुरोध गर्दछु ।"

वैश्विक महामारिको रूपमा फैलिएको कोभिड-१९ को प्रभाव क्रमशः न्यून हुदै गई आर्थिक गतिविधिहरू चलायमान बन्दै जादा आन्तरिक राजस्व विभागले २०७८ श्रावण देखि असोज महिनासम्मको रु. ९१ अर्ब ८४ करोड लक्ष्य रहेकोमा रु. ९६ अर्व ३६ करोड संकलन गरी लक्ष्यको तुलनामा १०४.९३ प्रतिशत प्रगति हासिल गर्न सफल भएको छ । यो संकलन गत आर्थिक वर्षको यसै अवधिको संकलनको तुलनामा रु. १६ अर्व ३४ करोड अर्थात २०.४२ प्रतिशतले बढी हो । महामारीको विषम परिस्थितिमा समेत उत्साहजनक कर सहभागिता जनाई मुलुकको राजस्व परिचालनमा पुर्‍याउनु भएको योगदानको उच्च सम्मान गर्दै म आम करदाताहरूप्रति विशेष धन्यवाद एवम् आभार प्रकट गर्न चाहन्छु ।

एकातिर व्यापार उदारीकरणको कारणबाट आयात व्यापारबाट प्राप्त हुने राजस्व कम हुदैं गएको छ भने अर्कोतिर मुलुकमा लगानी भित्र्याउन करका दरहरुमा प्रतिस्पर्धा बढ्दै गएको छ । साथै पूर्वाधार विकास र आधारभूत सेवामा बढ्दो खर्च व्यवस्थापन,कोभिड-१९को महामारीले समग्र अर्थतन्त्रमा दिएको धक्काबाट माथि उक्लन व्यापार तथा तथा उद्योग व्यवसायलाई राहत दिन विभिन्न कर छुट तथा सहुलियतको आवश्यकताको कारण सरकारलाई वित्तीय दबाब पर्दा सो को असर आन्तरिक राजस्वमा स्वाभाविक नै हो। यि विभिन्न क्षेत्रबाट आएका चुनौतिलाई रणनैतिक ढंगले सम्बोधन गर्न हाम्रा समग्र राजस्व नीतिलाई सोहीबमोजिम प्रभावकारी रूपमा परिलक्षित गर्नुपर्ने आवश्यकता छ।

कोभिड-१९ महामारीबाट प्रभावित उद्योग व्यवसायलाई कर छुट तथा सहुलियत प्रदान गर्दै करको दायरा बिस्तार, कराधार संरक्षण र राजस्व चुहावट नियन्त्रण गर्ने तथा समग्र राजस्व प्रशासनको क्षमता वृद्धि एवं सूचना प्रविधिको अधिकतम उपयोगबाट स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्ने राजस्व नीतिको उद्देश्य बमोजिम विभागबाट तय गरिएका कार्यात्मक लक्ष्यहरु हासिल गर्न र आर्थिक ऐन, २०७८ ले प्रदान गरेका विभिन्न छुट तथा सुविधाहरूलाई करदातामाझ प्रभावकारी सञ्चार गरी लाभान्वित हुने वातावरणको सिर्जना गर्ने कार्यमा आवश्यक कार्ययोजना बनाई उच्च मनोवल, सदाचार, पारदर्शिता एवम् जवाफदेहिताका साथ कार्यसम्पादन गर्न यस विभाग तथा मातहतका कार्यालय एवम् कर्मचारीहरूलाई अनुरोध गर्दछु।

**शोभाकान्त पौडेल**
**महानिर्देशक**

पेज नं. १ बाट क्रमश....

भौतिक रुपमा र भर्चुअल माध्यमबाट गोष्ठीमा जोडिनु भएका सम्पूर्ण महानुभावहरुलाई स्वागत गर्नुभएको थियो । स्वागत मन्तव्यकै क्रममा उहाँले यस गोष्ठीमा विभिन्न कार्यालयहरु तथा आन्तरिक राजस्व विभागका Success Stories, विद्यमान चुनौतीहरू र ती चुनौतीहरूलाई के कसरी सामना गर्ने भन्ने विषयमा व्यापक छलफल गरी एउटा निश्कर्षमा पुग्ने बताउनु भयो।

विभागका उपमहानिर्देशक आनन्द काफ्लेले समग्र विभागको गत आ.व २०७७/०७८ को कार्य प्रगतिको समीक्षा सहितको कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । उहाँले विभागले गत आर्थिक वर्षमा गरेको राजस्व असुली र वृद्धिदर, आर्थिक वर्ष २०७७/०७८ का विभागीय बार्षिक कार्ययोजनामा रहेका परिसूचकहरुको प्रगति विवरण संक्षेपमा प्रस्तुत गर्नुभयो।

सचिव (राजस्व) कृष्णहरी पुष्करले कर प्रशासनका कर्मचारीहरू आर्थिक योद्धाको रूपमा रहेको उल्लेख गर्दै विषम परिस्थितिमा पनि अहम् भूमिका निर्वाह गरेकोमा बधाई एवम् धन्यवाद दिनु भएको थियो । करक्षेत्रमा हुने वित्तीय अपराध जस्तै नक्कली विल विजक लगायतका विषयलाई सम्बोधन गर्न सक्ने गरी समग्र सुधार गर्नुपर्ने कुरामा विशेष जोड दिदैं कर सहभागिता बढाउनको लागि नयाँ तरिकाले सोच्नुपर्ने बताउनुभयो ।

अर्थ सचिव मधुकुमार मरासिनीले आफ्नो निर्देशन मन्तव्यमा विषम परिस्थितिमा समेत व्यवस्थापन गोष्ठीलाई निरन्तरता दिनुभएकोमा धन्यवाद दिदै गोष्ठीले गत आ.व.मा कहाँ थियौं, उक्त आ.व.मा तोकिएका लक्ष्य कति हासिल भयो र कति हासिल हुन सकेनन सो को विश्लेषणबाट आगामी आ.व.को मार्ग चित्र प्रस्तुत हुने बताउनुभयो । उहाँले पुराना मुद्धा, वक्यौता बेरूजू फछ्र्यौटमा जोड दिई समग्र कार्यालयको स्वास्थ्यमा सुधार गर्नुपर्ने, गत आर्थिक वर्षमा जारी भएको स्थायी लेखा नं. को आधारमा राजस्वमा के योगदान पुग्यो सो को लेखाजोखा गर्ने, करदाता संख्या मात्र बढाउनु भन्दा गुणस्तरीय दर्तामा जोड दिनुपर्ने, मु.अ.करको डेबिट विवरण बढाउनमा जोड दिनुपर्ने, समयानुकूल प्रविधिमा सुधार गर्नुपर्ने, बिलिङ्ग प्रक्रियामा प्रविधिको व्यापक प्रयोग गर्नुपर्ने, करदाताले जारी गरेको विक्री विल आन्तरिक राजस्व विभागले ट्रयाक गर्नसक्ने हुनुपर्ने, समयानुकुल सिस्टम परिमार्जन गर्नुपर्ने, गत आ.व भन्दा यस आ.व मा आयात बढेको अवस्थामा आन्तरिक राजस्वको बढोत्तरी हुनुपर्नेमा सोतर्फ विशेष ध्यान दिनुपर्ने, अन्तःशुल्क स्टिकर छपाईको विषयमा थप पहल गर्नुपर्ने, नक्कली स्टिकरको प्रयोग बढ्दै गएको अवस्थामा सबै चनाखो हुनुपर्ने, घोषणापत्र बनाउँदा कार्यान्वयन कार्ययोजना समेत सँगसँगै बनाउनुपर्ने, करको नयाँ क्षेत्रको पहिचान गरेर सो क्षेत्रमा करारोपण गर्नुपर्ने, कर अध्ययन र अनुसन्धानमा विशेष ध्यान दिनुपर्ने लगायतका विषयमा जोड दिनुभयो ।

अर्थ मन्त्री जनार्दन शर्मा 'प्रभाकर' ले करदातासँग मैत्रीपूर्ण र सहज व्यवहार गर्न, राजनीतिक परिवर्तनलाई आत्मसाथ गरेर अगाडि बढ्न, आन्तरिक राजस्व कार्यालयको कार्य प्रक्रियामा सुधार गर्न, आगामी रणनीति तथा कार्ययोजना बनाउँदा आर्थिक आर्थिक ऐनलाई केन्द्रमा राखेर अगाडि बढ्नुपर्ने कुरामा जोडदिनु भयो । उहाँले प्रशासकीय पुनरावलोकनको फछ्र्यौट छिटो हुनुपर्ने साथै करपरीक्षण गर्न बाँकी करदाताको शीघ्र परीक्षण गर्नुपर्ने कुरामा विशेष ध्यान दिन निर्देशन दिनु भयो ।

गोष्ठी उद्घाटन सत्रको अन्त्यमा मन्तव्य राख्दै विभागका महानिर्देशक शोभाकान्त पौडेलले अतिथिज्यूहरूले गोष्ठीमा दिएका निर्देशन र सुझाबहरूको लागि आभार व्यक्त गर्दै विषम परिस्थितिमा हासिल गरेको सफलताको लागि कर परिवारका सदस्यहरूलाई धन्यवाद दिनुभयो। उहाँले राजस्व चुहावटका विषयमा निर्मम हुने प्रतिवद्धता व्यक्त गर्दै गोष्ठीको उद्घाटन सत्रको समापन गर्नुभयो । उदघाटन कार्यक्रममा नेपाल उद्योग परिसंघका अध्यक्ष विष्णु अग्रवाल, नेपाल चेम्वर अफ कमर्शका अध्यक्ष राजेन्द्र मल्ल, नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष रामचन्द्र सांघाईले समेत मन्तव्य राख्नुभएको थियो ।

गोष्ठीमा विभाग र मातहतका कार्यालयबाट समेत प्रतिनिधित्व गरी करदाता सेवा करप्रणाली सुधार तथा












सूचना प्रविधि समूह, अन्तःशुल्क व्यवस्थापन समूह, करपरीक्षण तथा अनुसन्धान समूह र कर संकलन बक्यौता तथा बेरूजू व्यवस्थापन समूह गरी ४ वटा Thematic समूह निर्माण गरी समूहगत प्रस्तुतीहरु गरिएका थिए । गोष्ठीमा विभाग अन्तर्गतका कार्यालयहरूले आ-आफ्ना कार्यालयको प्रगति, भएका अनुकरणीय कार्यहरू, लक्ष्य पूरा हुन नसकेको भए सोको कारण, चालु आर्थिक वर्षको लक्ष्य हासिल गर्न लिईएका रणनीति र कार्यालयका समस्या तथा विभागसँगको अपेक्षाका विषयमा संक्षेपमा प्रस्तुती राखेका थिए । सबै कार्यालयहरूको प्रस्तुती पश्चात आन्तरिक राजस्व विभागका उपमहानिर्देशकहरूले आ-आफ्नो महाशाखाको तर्फबाट छलफलको क्रममा उठेका विषयको बारेमा महाशाखागत रुपमा सम्बोधन गर्नुभएको थियो। आ.व.२०७७/२०७८ को कार्यगत लक्ष्य र प्रगतिको आधारमा प्रथम हुने आन्तरिक राजस्व कार्यालय दाङ्ग, द्रोश्रो हुने आन्तरिक राजस्व कार्यालय नयाँ वानेश्वर, तेस्रो हुने आन्तरिक राजस्व कार्यालय दमक र सिमित जनशक्ति र श्रोतसाधनका वावजुत उत्कृष्ट कार्यसम्पादन गर्ने आन्तरिक राजस्व कार्यालय कावासोतीका प्रमुखहरूलाई सम्मानित गरिएको थियो। चालु आर्थिक वर्ष २०७८/७९ लाई ' कर प्रणाली सुधार वर्ष' को रूपमा कार्य गर्ने प्रण गर्दै २१ बुँदे प्रतिबद्धतापत्र जारी गर्दै व्यवस्थापन गोष्ठी समापन भएको थियो ।

# करदाता सेवा कार्यालय बेसीशहर लमजुङद्वारा एक दिने करदाता शिक्षा कार्यक्रम सम्पन्न




लमजुङ जिल्लाको मध्यनेपाल नगरपालिका वडा नं. ६ भोर्लेटारमा एक दिने करदाता शिक्षा कार्यक्रम संचालन गरिएको छ । घरेलु तथा साना उद्योग महासंघ लमजुङको समन्वयमा करदाता सेवा कार्यलय लमजुङले मध्यनेपाल-६, भोर्लेटारको श्री इशानेश्वर मा.वि.मा २०७८ श्रावण २० गते करदाता शिक्षा कार्यक्रम सञ्चालन गरेको हो । कार्यक्रममा आन्तरिक राजस्व विभागको सूचना प्रविधिको प्रयोग, आर्थिक ऐन, २०७८ मा समावेश भएका करसम्बन्धी प्रावधानहरूका साथै कर प्रशासनबाट प्रवाह हुने सेवा सम्वन्धि विषयको बारेमा जानकारी गराइएको थियो । कार्यक्रममा करको परिचय, कर शिक्षाका बारेमा जानकारी गराउनुका साथै अनलाइन माध्ययमबाटै व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिने, कर विवरण दाखिला गरि रुजु गर्ने, मूल्य अभिवृद्धि करमा दर्ता गर्न, अन्तशुल्क ईजाजत नविकरण गर्ने, कर रकम दाखिला गर्न, भुक्तानीमा करकट्टी विवरण पेश गर्ने, भ्याटमा विवरण पेश गर्ने साथै आय विवरण पेश गर्ने समय थप गर्ने जस्ता विषयको बारेमा जानकारी गराइएको थियो ।

अनलाईनबाटै कर भुक्तानी गर्ने र करचुक्ता प्रमाणपत्र प्राप्त गर्ने, अन्तशुल्क इजाजतपत्र नविकरण गर्ने तरिका लगायतका विषयमा अभिमुखीकरण गराइएको थियो ।

कार्यक्रममा मध्यनेपाल नगरपालिकाका उपप्रमुख राजकुमार श्रेष्ठले मध्यनेपालका करदाताहरुलाई करदाता शिक्षाको बारेमा महत्वपूर्ण जानकारी र प्राविधिक सीप प्रदान गरेकोमा धन्यवाद ज्ञापन गर्नुभयो । व्यवसायी र अन्य करदाता सबैले यस विषयमा जान्नु र बुझ्नु पर्ने भएकाले आगामी दिनमा नगरपालिकाका तर्फबाट सहकार्य गर्दै कार्यक्रम संचालन गर्न सकिने बताउनुभयो । साथै करदाताले घरबाटै छोटो समयमा नै कर सम्बन्धी कार्य सम्पादन गर्न पाउँदा समय, श्रम र पैसाको बचत हुनुका साथै सहज र सरल तरिकाबाट सेवा लिन पाउने हुँदा करदाता शिक्षा कार्यक्रम धेरै प्रभावकारी भएको बताउनुभयो ।

नेपाल घरेलु तथा साना उद्योग महासंघ लमजुङका अध्यक्ष श्रीकृष्ण लामिछानेको अध्यक्षतामा भएको कार्यक्रममा करदाता सेवा कार्यालय बेसीशहरका कर अधिकृत श्री लेखनाथ रेग्मीले सहजीकरण गर्नुभएको थियो । कार्यक्रममा ईशानेश्वर माविका अध्यक्ष रामभक्त पौडेल, प्रधानाध्यपक रामकृष्ण घिमिरे, लमजुङ उद्योग बाणिज्य संघ भोर्लेटार ईकाइका अध्यक्ष जाकिर हुसेन मियाँ लगायत मध्यनेपाल नगरपालिकाका व्यापारिक केन्द्रहरु भोर्लेटार, रामबजार, दुईपिप्ले, सोतीपसलका व्यापारी, व्यवसायी, जनप्रतिनिधि, शिक्षक तथा कर्मचारी र सरोकारवालाहरुको सहभागिता रहेको थियो। कार्यक्रमको संचालन नेपाल घरेलु तथा साना उद्योग महासंघ मध्यनेपाल नगर कमिटिका अध्यक्ष सुमन श्रेष्ठले गर्नुभएको थियो ।

*पेज नं. १ बाट क्रमश....*

## राजस्व संकलनमा.....

हुन आँउछ। स्वास्थ्य सेवा शुल्कमा रु. ३९ करोड लक्ष्य रहेकोमा रु. १ अर्व १९ करोड संकलन भएको छ, जुन लक्ष्यको ३००.३९ प्रतिशत हुन आँउछ । त्यसैगरी शिक्षा सेवा शुल्कमा रु. २७ करोड लक्ष्यमा रु. १३ करोड संकलन भई लक्ष्यको तुलनामा ५१.२३ प्रतिशत संकलन भएको छ ।

रु. हजारमा

| शीर्षक | गत आ.व. को यस अवधिसम्मको संकलन | आ.व. २०७८।७९ | | | वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|
| | | असोजसम्मको लक्ष्य | असोजसम्मको संकलन (प्रगति) | प्रगति प्रतिशत | |
| आयकर | २६१५१५१३ | ३२२८४९२९ | ३८१७२६७३ | ११८.२४ | ४५.९६ |
| बहालकर | ७७१४१४ | १०३१८५१ | ८१२५५१ | ७८.७५ | ५.३३ |
| ब्याजकर | ६४४०७२७ | ८७९०७७१ | ६२२५०३५ | ७०.८१ | -३.३४ |
| जम्मा आयकर | ३३३६३६५४ | ४२१०७५५० | ४५२१०२५९ | १०७।३७ | ३५.५० |
| मूल्य अभिवृद्धि कर | २७३४४९५८ | ३०३६०७६८ | २६८२८४५९ | ८८.३७ | -१.८८ |
| अन्तःशुल्क | १८००९५५३ | १८७०३९३४ | २२९९७७२३ | १२२.९६ | २७.६९ |
| स्वास्थ्य सेवा शुल्क | १२५०२१४ | ३९७०७९ | ११९२७९३ | ३००.३९ | -४.५९ |
| शिक्षा सेवा शुल्क | ५५९६८ | २७२२९९ | १३९४९१ | ५१.२३ | १४९.२३ |
| जम्मा | ८००२४३४७ | ९१८४१६३० | ९६३६८७२५ | १०४.९३ | २०.४२ |

# करदाता सेवा कार्यालय, सन्धिखर्कबाट करदाता शिक्षा कार्यक्रम सञ्चालन




करदाता सेवा कार्यालय सन्धिखर्कले २०७८ असोज महिनामा दुई वटा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालय, अर्घाखाँचीसँगको समन्वयमा मिति २०७८ असोज १५ गते सन्धिखर्कमा E-TDS सम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गरेको छ । अर्घाखाँची जिल्लास्थित सरकारी कार्यालयहरूमा कार्यरत लेखा शाखाका कर्मचारीहरुलाई आमन्त्रण गरिएको कार्यक्रममा २७ जनाको उपस्थिति रहेको थियो । कार्यक्रममा कार्यालयको तर्फबाट अग्रिम करकट्टी गर्नु पर्ने भुक्तानी, W-PAN र E-TDS गर्ने तरिकाको बारेमा प्रस्तुतीकरण गरिएको थियो ।



त्यसै गरी पाणिनी गाउँपालिकासँगको समन्वयमा मिति २०७८ असोज १६ गते पाणिनी गाउँपालिकाको सभाहलमा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । पाणिनी गाउँपालिकाका जनप्रतिनिधिहरू र करदाताहरू समेत गरी ९६ जनाको उपस्थिति रहेको कार्यक्रममा कर कानून सम्बन्धी आधारभूत जानकारीका साथै आर्थिक ऐन, २०७८ ले कर कानूनमा गरेको संशोधन र प्रदान गरेको छुट, सुविधा र सहुलियतहरूको बारेमा कार्यालयको तर्फबाट कर अधिकृत लक्ष्मीप्रसाद उपाध्यायले प्रस्तुतीकरण गर्नुका साथै करदाताहरूले राखेका जिज्ञासाको सम्बोधन समेत गर्नुभएको थियो ।

# आन्तरिक राजस्व कार्यालय, दमौलिबाट करदाता शिक्षा कार्यक्रम सञ्चालन

आन्तरिक राजस्व कार्यालय, दमौलिले मिति २०७८ असोज १७ गते कार्यालयको कार्यक्षेत्र अन्तर्गतका तनहुँ, लम्जुङ, मनाङ र गोरखा जिल्लाका उद्योग वाणिज्य संघहरूसँगको समन्वयमा करदाताहरूलाई आर्थिक ऐन, २०७८ ले व्यवस्था गरेका छुट तथा सुविधाहरूको बारेमा भर्चुअल माध्यमबाट अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ । त्यसैगरी मिति २०७८ असोज १७ गते प्रमुख कर अधिकृतको संयोजकत्वमा सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी कार्यालयको प्रतिनिधि, उद्योग वाणिज्य संघको अध्यक्ष, स्थानीय जनप्रतिनिधि समेतको उपस्थितिमा अवैध मदिरा नियन्त्रण समितिको बैठक समेत सम्पन्न भएको छ। साथै अन्तःशुल्कको नक्कली स्टिकरको प्रयोगको संभावनालाई मध्यनजर गरी मदिरा बिक्रेताहरूको कारोबार स्थलमा अनुगमन गर्ने कार्य समेत गरेको छ ।

## व्यावसायिक छुट तथा सुविधाहरु (आय वर्ष २०७८/७९ को लागि)

आयकर ऐन, २०५८ को दफा ११ बमोजिम व्यवसायको आयमा छुट तथा सुविधाहरु सम्बन्धी व्यवस्थालाई तलको तालिकामा प्रष्ट पारिएको छः

| दफा | व्यवसाय/निकायको विवरण/आयको अवस्था | छुट तथा सुविधा |
|---|---|---|
| दफा ११(१) | कुनै फर्म, कम्पनी, साझेदारी तथा संगठित संस्थाको रूपमा दर्ता गरी कृषि व्यवसाय गरी प्राप्त गरेको आयमा र भूमि सम्बन्धी ऐन, २०२१ को दफा १२ को खण्ड (घ) र (ङ) मा उल्लेख भए बमोजिमको जग्गामा कृषि व्यवसायबाट प्राप्त भएको बाहेक अन्य कृषि आम्दानीमा | कर नलाग्ने |
| दफा ११(१) | कुनै फर्म, कम्पनी, साझेदारी तथा संगठित संस्थाको रुपमा दर्ता गरी कृषि व्यवसाय गरी प्राप्त गरेको आयमा लाग्ने करमा | पचास प्रतिशतले छुट |
| दफा ११(२) | सहकारी ऐन, २०७४ बमोजिम दर्ता भई सञ्चालन भएको कृषि वा वन पैदावरमा आधारित रेशम खेती तथा रेशम उत्पादन, फलफूल खेती, उत्पादन तथा फलफूल प्रशोधन, कफी खेती तथा प्रशोधन, जडिबुटी खेती तथा प्रशोधन, तरकारीका बीउ बिजन उत्पादन, मौरीपालन, मह उत्पादन, रबर खेती, कबुलियति वन, एग्रोफरेष्ट्री आदि व्यावसायिक वन सम्बन्धी व्यवसायहरु जस्ता कृषि तथा वनजन्य उद्योगहरु, तरकारी भण्डारका लागि स्थापित शीत भण्डार, कृषि सम्बन्धी बीउ बिजन, पशु आहारा, दाना, कीटनाशक औषधि, मल तथा कृषि औजार (यान्त्रिक शक्तिबाट चल्ने बाहेक) को कारोबार गर्ने सहकारी संस्था तथा गाउँपालिका क्षेत्रमा सञ्चालित सहकारी संस्था वा संघको आयमा तथा यस्तो संस्था वा संघले वितरण गरेको लाभांशमा समेत | कर नलाग्ने |

| | | |
|---|---|---|
| दफा ११(२क) | गाउँपालिकाको क्षेत्रमा सञ्चालित लघु वित्त संस्था, ग्रामिण विकास बैङ्क, हुलाक बचत बैंङ्क, र उपदफा (२) बमोजिमका सहकारीमा जम्मा गरेको निक्षेपबाट आर्जित वार्षिक पच्चीस हजार रुपैयाँसम्मको ब्याज आयमा | कर नलाग्ने |
| दफा ११(२ख) | वर्षभरि पूर्णरूपले सञ्चालनमा रहेको विशेष उद्योगबाट भएको आयमा लाग्ने करमा देहाय बमोजिम छुट हुने | |
| | - बासिन्दा प्राकृतिक व्यक्तिको आयमा तीस प्रतिशतका दरले कर लागेको रहेछ भने सो करमा | एक तिहाईले छुट |
| | - निकायको आयमा लाग्ने करमा | बीस प्रतिशतले छुट |
| दफा ११(३)(क) | कुनै व्यक्तिलाई कुनै आय वर्षमा विशेष उद्योग र सूचना प्रविधि उद्योगबाट भएको आयमा देहाय बमोजिम कर लाग्ने | |
| | - एक सय वा सो भन्दा बढी नेपाली नागरिकलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी दिएमा लाग्ने करको | ९० प्रतिशत |
| | - तीन सय वा सो भन्दा बढी नेपाली नागरिकलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी दिएमा लाग्ने करको | ८० प्रतिशत |
| | - पाँच सय वा सो भन्दा बढी नेपाली नागरिकलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी दिएमा लाग्ने करको | ७५ प्रतिशत |
| | - एक हजार वा सो भन्दा बढी नेपाली नागरिकलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी दिएमा लाग्ने करको | ७० प्रतिशत |
| | तर महिला, दलित वा अपाङ्गहरुमध्ये कम्तीमा तेत्तीस प्रतिशतलाई समेत समावेश गरी एक सय जनाभन्दा बढी नेपाली नागरीकलाई वर्षभरि प्रत्यक्ष रोजगारी दिएमा तिर्नुपर्ने रकममा थप दश प्रतिशत छुट हुने | तिर्नुपर्ने रकममा थप १० प्रतिशत छुट |
| दफा ११(३)(ख) | क. अति अविकसित क्षेत्रहरूमा विशेष उद्योग सञ्चालन भएको भए त्यस्तो उद्योगले व्यावसायिक उत्पादन वा कारोबार सुरु गरेको मितिले दश वर्षसम्म आयमा लाग्ने करको | १० प्रतिशत कर लाग्ने |
| | ख. अविकसित क्षेत्रहरूमा विशेष उद्योग सञ्चालन भएको भए त्यस्तो उद्योगले व्यावसायिक उत्पादन वा कारोबार सुरु गरेको मितिले दश वर्षसम्म आयमा लाग्ने करको | २० प्रतिशत कर लाग्ने |
| | ग. कमविकसित क्षेत्रहरुमा विशेष उद्योग सञ्चालन भएको भए त्यस्तो उद्योगले व्यावसायिक उत्पादन वा कारोबार सुरु गरेको मितिले दश वर्षसम्म आयमा लाग्ने करको | ३० प्रतिशत कर लाग्ने |

| | | |
|---|---|---|
| | तर कर्णाली प्रदेशमा स्थापित सय भन्दा बढी नेपाली नागरिकलाई प्रत्यक्ष रोजगारी दिने बिशेष उद्योगलाई कारोबार शुरु गरेको मितिले पन्ध्र बर्षसम्म आयकर छुट हुनेछ। | |
| दफा ११(३)(ग) | एक अर्ब रुपैयाँभन्दा बढीको पुँजी लगानीमा स्थापना हुने र पाँच सयभन्दा बढीलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी प्रदान गर्ने विशेष उद्योग र पर्यटन उद्योग (क्यासिनो बाहेक) लाई कारोबार सुरु गरेको मितिले पाँच वर्षसम्म पूर्ण रूपमा आयकर छुट | कर नलाग्ने |
| | - त्यसपछिको तीन वर्षसम्म लाग्ने करको | ५० प्रतिशत छुट |
| | तर हाल सञ्चालनमा रहेका त्यस्ता उद्योगले कम्तीमा पच्चीस प्रतिशत जडित क्षमता वृद्धि गरी दुई अर्ब रुपैयाँ पुँजी पुर्‍याई तीन सय भन्दा बढीलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी प्रदान गरेमा त्यसरी क्षमता वृद्धिबाट प्राप्त भएको आयमा पहिलो पाँच वर्षसम्म पूर्ण रूपमा आयकर छुट | कर नलाग्ने |
| | - त्यसपछिको तीन वर्षसम्म लाग्ने करको | ५० प्रतिशत छुट |
| दफा ११(३क)(क) | हिमाली जिल्ला र नेपाल सरकारले तोकेको पहाडी जिल्लाका विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगलाई | |
| | - कारोबार सुरु गरेको मितिले दश वर्षसम्म लाग्ने आयकरको शत प्रतिशत छुट | कर नलाग्ने |
| | - त्यसपछिका आय वर्षमा लाग्ने आयकरको | ५० प्रतिशत छुट |
| दफा ११(३क)(ख) | अन्य क्षेत्रमा रहेको विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगलाई | |
| | - कारोबार सुरु गरेको मितिले पाँच वर्षसम्म लाग्ने आयकरको शतप्रतिशत छुट | कर नलाग्ने |
| | - त्यसपछिका आय वर्षमा लाग्ने आयकरको | ५० प्रतिशत छुट |
| दफा ११(३क)(ग) | विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले वितरण गरेको लाभांशमा | |
| | - कारोबार सुरु गरेको मितिले पाँच वर्षसम्म लाभांश वितरणमा लाग्ने करको शतप्रतिशत छुट | कर नलाग्ने |
| | - त्यसपछिको तीन वर्षसम्म लाभांश वितरणमा लाग्ने करको | ५० प्रतिशत छुट |
| दफा ११(३क)(घ) | विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगका विदेशी लगानीकर्ताले विदेशी प्रविधि वा व्यवस्थापन सेवा शुल्क तथा रोयल्टीबाट आर्जन गरेको आयमा लाग्ने आयकरको | ५० प्रतिशत छुट |

| | | |
|---|---|---|
| दफा ११(३ख) | खनिज, पेट्रोलियम पदार्थ, प्राकृतिक ग्याँस तथा इन्धन अन्वेषण तथा उत्खनन गर्ने व्यक्तिले २०८० साल चैत्र महिनासम्म व्यापारिक रूपमा कारोबार सञ्चालन गरेमा कारोबार सञ्चालन गरेको मितिले पहिलो सात वर्षसम्म | कर नलाग्ने |
| | - त्यसपछिको तीन वर्षसम्म | ५० प्रतिशत छुट |
| दफा ११(३ग) | नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको प्राणीशास्त्र सम्बन्धी (जुलोजिकल), भूशास्त्र सम्बन्धी (जियोलोजिकल), जीवप्रविधि (बायोटेक) सम्बन्धी पार्क सञ्चालन, प्रविधि पार्क र सूचना प्रविधि पार्कभित्र स्थापित सफ्टवेयर विकास, तथ्याङ्क प्रशोधन, साइवर क्याफे, डिजिटल म्पापिङ सम्बन्धी उद्योगको आयमा लाग्ने करको | ५० प्रतिशत छुट |
| दफा ११(३घ) | संवत् २०८२ साल चैत महिनासम्म जलविद्युत, सौर्य, वायु तथा जैविक पदार्थबाट उत्पादन हुने विद्युतको व्यापारिक रुपमा उत्पादन, प्रसारण वा वितरण सुरु गर्ने अनुमति प्राप्त व्यक्तिले व्यापारिक कारोबार सुरु गरेको मितिले पहिलो दश वर्षसम्म | कर नलाग्ने |
| | - त्यसपछिको पाँच वर्षसम्म | ५० प्रतिशत छुट |
| | तर संवत् २०८२ साल चैत महिनासम्म वित्तीय व्यवस्थापन (फाइनान्सियल क्लोजर) सम्पन्न भएका दुईसय मेगावाट भन्दा माथिका जलाशय तथा अर्धजलाशययुक्त जलविद्युत्त आयोजनाको हकमा पहिलो पन्ध्र वर्षसम्म | कर नलाग्ने |
| | - त्यसपछिको छ वर्षसम्म | ५० प्रतिशत छुट |
| दफा ११(३ङ) | नेपालको स्रोतबाट कुनै आय वर्षमा निकासीबाट भएको आयमा | |
| | - बासिन्दा प्राकृतिक व्यक्तिको आयमा बीस प्रतिशतका दरले कर लाग्ने रहेछ भने सो करमा | २५ प्रतिशत छुट |
| | - बासिन्दा प्राकृतिक व्यक्तिको आयमा तीस प्रतिशतका दरले कर लाग्ने रहेछ भने सो करमा | ५० प्रतशित छुट |
| | - निकायको आयमा लाग्ने करमा | २० प्रतिशत छुट |
| | - प्राकृतिक व्यक्तिको उत्पादनमूलक उद्योगले उत्पादन गरेको वस्तु निर्यात गरी प्राप्त भएको आयमा दफा ११(३ङ)(क) बमोजिमको छुट पछि कायम हुने करमा | थप ३५ प्रतिशत छुट |
| | - निकायको उत्पादनमुलक उद्योगले उत्पादन गरेको वस्तु निर्यात गरी प्राप्त भएको आयमा दफा ११(३ङ)(ख) बमोजिमको छुट पछि कायम हुने करमा | थप ३५ प्रतिशत छुट |

| | | |
|---|---|---|
| दफा ११(३च)(क) | कुनै निकायले ट्राम वा ट्रली बस सञ्चालन गरेमा व्यापारिक कारोबार सञ्चालन गरेको मितिले दश वर्षसम्म लाग्ने करमा | ४० प्रतिशत छुट |
| दफा ११(३च)(ख) | कुनै निकायले रोपवे, केवलकार, आकासे पुल निर्माण गरी सञ्चालन गरेमा व्यापारिक कारोबार सञ्चालन गरेको मितिले दश वर्षसम्म लाग्ने करमा | ४० प्रतिशत छुट |
| दफा ११(३च)(ग) | कुनै निकायले सडक, पुल, सुरुङ्ग मार्ग, टनेल, रेल्वे, विमानस्थल निर्माण गरी सञ्चालन गरेमा व्यापारिक कारोबार सञ्चालन गरेको मितिले दश वर्षसम्म लाग्ने करमा | ५० प्रतिशत छुट |
| दफा ११(३छ) | धितोपत्र बजारमा सूचीकृत भएका उत्पादनमूलक, पर्यटन सेवा, जलविद्युत उत्पादन, वितरण तथा ट्रान्समिसन गर्ने र दफा ११ को उपदफा (३ग) मा उल्लेख भएका निकायहरुलाई लाग्ने करमा | १५ प्रतिशत छुट |
| दफा ११(३ज) | अति अविकसित क्षेत्रमा स्थापित फलफूलमा आधारित ब्राण्डी, साइडर एवम् वाइन उत्पादन गर्ने उद्योगलाई कारोबार सुरु गरेको मितिले दश वर्षसम्म | ४० प्रतिशत आयकर छुट |
| | अविकसित क्षेत्रमा स्थापित फलफूलमा आधारित ब्राण्डी, साइडर एवम् वाइन उत्पादन गर्ने उद्योगलाई कारोबार सुरु गरेको मितिले दश वर्षसम्म | २५ प्रतिशत आयकर छुट |
| दफा ११(३झ) | कुनै व्यक्तिले बौद्धिक सम्पत्ति निर्यात बापत प्राप्त रोयल्टी आयमा लाग्ने आयकरको दरमा | २५ प्रतिशत छुट |
| दफा ११(३ञ) | कुनै व्यक्तिले बौद्धिक सम्पत्तिको हस्तान्तरणद्वारा बिक्री गरी प्राप्त गरेको आयमा लाग्ने आयकरको दरमा | ५० प्रतिशत छुट |
| दफा ११(३ट)(क) | एक अर्ब रुपैयाँभन्दा बढीको पुँजी लगानीमा स्थापना हुने पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योग वा अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्ने हवाई कम्पनीलाई | |
| | - कारोबार सुरु गरेको मितिले ५ वर्षसम्म | कर नलाग्ने |
| | - त्यसपछिको ३ वर्षसम्म लाग्ने आयकरको दरमा | ५० प्रतिशत छुट |
| दफा ११(३ट)(ख) | तीन अर्ब रुपैयाँभन्दा बढीको पुँजी लगानीमा स्थापना हुने पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योग वा अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्ने हवाई कम्पनीलाई | |
| | - कारोबार सुरु गरेको मितिले १० वर्षसम्म | कर नलाग्ने छुट |
| | - त्यसपछिको ५ वर्षसम्म लाग्ने आयकरको दरमा | ५० प्रतिशत |
| दफा ११(३ट)(ग) | पाँच अर्ब रुपैयाँभन्दा बढीको पुँजी लगानीमा स्थापना हुने पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योग वा अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्ने हवाई कम्पनीलाई | |
| | - कारोबार सुरु गरेको मितिले १५ वर्षसम्म | कर नलाग्ने छुट |
| दफा ११(३ठ) | विशेष उद्योग र पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योगले आफ्नो सञ्चित मुनाफालाई सोही उद्योगको क्षमता विस्तारको लागि शेयरमा पुँजीकरण गरेको अवस्थामा त्यस्तो पुँजीकरणमा लाभांश वितरण स्वरूप लाग्ने लाभांश करमा | शत प्रतिशत छुट |

| | | |
|---|---|---|
| दफा ११(३ड) | पचास करोड रुपैयाँ वा सोभन्दा बढी चुक्ता पुँजी भएको प्राइभेट कम्पनीको रूपमा सञ्चालनमा रहेको कुनै कम्पनी हुने गरी पब्लिक कम्पनीको रूपमा परिणत भई कारोबार सञ्चालन गरेमा त्यसरी पब्लिक कम्पनीको रुपमा परिणत भएको मितिदेखि तीन वर्षसम्म लाग्ने करमा<br>तर कम्पनी ऐन, २०६३ को दफा १२ बमोजिम पब्लिक कम्पनीको रुपमा संस्थापन हुनुपर्ने कम्पनीले यस उपदफा बमोजिमको सुविधा पाउने छैन । | दश प्रतिशत छुट |
| दफा ११(३ढ) | स्वदेशी चिया उत्पादन र प्रशोधन गर्ने उद्योग, दुग्ध पदार्थको कारोबार गर्ने डेरी उद्योग र कपडा उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादन बिक्री गरी प्राप्त गरेको आयमा लाग्ने आयकरको दरमा | ५० प्रतशित छुट |
| दफा ११(३ण) | सामुदायिक संस्थाबाट सञ्चालन गरिएका स्वास्थ्य संस्थाको करयोग्य आयमा लाग्ने करमा | २० प्रतिशत छुट |
| दफा ११(३त) | लघु उद्यमलाई व्यवसाय वा कारोबार सुरु गरेको मितिले ७ वर्षसम्म लाग्ने आयकर पूर्ण रूपमा छुट हुने | आयकर नलाग्ने |
| | यस्तो लघु उद्यम महिला उद्यमीबाट सञ्चालन भएमा थप तीन वर्ष लाग्ने आयकर पूर्ण रूपमा छुट हुने | आयकर नलाग्ने |
| दफा ११(३थ) | कुनै आय वर्षमा कुनै निकायले सार्वजनिक पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन गरी नेपाल सरकारलाई हस्तान्तरण गर्ने जस्ता आयोजनाहरू र विद्युत गृह निर्माण, उत्पादन र प्रसारण गरेमा त्यस्तो निकायलाई सो निकायको करयोग्य आयमा लाग्ने करमा | २० प्रतिशत छुट |
| दफा ११(३द) | औद्योगिक क्षेत्र वा औद्योगिक ग्राममा स्थापना वा स्थानान्तरण भई सञ्चालनमा रहेको विशेष उद्योगलाई उत्पादन शुरू भएको मितिले तीन वर्षसम्म लाग्ने करमा | ५० प्रतिशत छुट |
| | - त्यसपछिको पाँच वर्षसम्म लाग्ने करमा | २५ प्रतिशत छुट |
| दफा ११(३ध) | स्वदेशमा उत्पादन गरेको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ विशेष उद्योगलाई बिक्री गरी प्राप्त गरेको आयमा लाग्ने करमा | बीस प्रतिशत छुट |
| दफा ११(३न) | नवप्रवर्तनकारी ज्ञान, सोच, सीप, प्रविधि, व्यवहार र तरिका प्रयोग गरी वार्षिक एक करोडसम्म कारोबार गर्ने विभागले तोकेको स्टार्ट अप व्यवसायलाई कारोबार सुरु गरेको मितिले पाँच वर्षसम्म लाग्ने करमा | शत प्रतिशत छुट |
| दफा ११(३प) | काठमाडौं उपत्यकामा सञ्चालनमा रहेको कुनै विशेष उद्योग काठमाडौं उपत्यका बाहिर स्थानान्तरण भई सञ्चालन भएमा त्यसरी स्थानान्तरण भई सञ्चालन भएको मितिले तीन वर्षसम्म लाग्ने करमा | शत प्रतिशत छुट |
| | - त्यसपछिको दुई वर्षसम्म लाग्ने करमा | पचास प्रतिशत छुट |
| दफा ११(३फ) | वातावरणमा प्रत्यक्ष असर पार्ने प्रयोग भइसकेका वस्तु मात्र कच्चा पदार्थका रुपमा प्रयोग गरी नयाँ वस्तु उत्पादन गर्ने उद्योगलाई कारोबार शुरु गरेको मितिले पहिलो तीन वर्षसम्म लाग्ने करको | पचास प्रतिशत छुट |
| | - त्यस पछिको दुई वर्ष लाग्ने करको | २५ प्रतिशत छुट |

| | | |
|---|---|---|
| दफा ११(३ब) | स्वास्थ्य खोप, अक्सिजन ग्यास तथा स्यानिटरी प्याड उत्पादन गर्ने उद्योगलाई उत्पादन सुरू भएको मितिले तीन वर्षसम्म | कर नलाग्ने |
| | - त्यसपछिको दुई वर्षसम्म | ५० प्रतिशत छुट |
| दफा ११(४) | कुनै व्यक्तिले दफा ११ बमोजिम बेग्लाबेग्लै कर छुट सुविधा पाउने कारोबार गरेको रहेछ भने त्यस्तो सुविधा लिन आयको गणना गर्दा छुट्टाछुट्टै व्यक्तिले सो आय प्राप्त गरेको सरह मानी आय गणना गर्नु पर्नेछ। | |
| दफा ११(५) | एउटै आयको सम्बन्धमा यस दफा बमोजिम एकभन्दा बढी छुट पाउन सक्ने अवस्था भएको व्यक्तिले आफूले रोजेको कुनै एउटा छुट मात्र पाउनेछ। | |
| दफा ११क. | पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन गर्नको लागि नेपाल सरकार र कुनै व्यक्तिका बीच कुनै सम्झौता भएमा त्यस्तो सम्झौता गर्दाको बखत कायम रहेको ऐनले व्यवस्था गरेको करका सुविधाहरु त्यस्तो पूर्वाधार निर्माण तथा सञ्चालन गर्ने व्यक्तिले सम्झौता अवधिभर उपभोग गर्न पाउनेछ। | |

# मालपोत कार्यालयमा तिरेको पुँजीगत लाभकर आय विवरणको अनुसूची १० मा दावी गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

प्राकृतिक व्यक्ति बाहेक व्यवसाय सञ्चालन गरेका करदाताले आर्थिक वर्ष २०७७।७८ को आय विवरण पेश गर्ने क्रममा मालपोत कार्यालयमा जग्गा तथा घर जग्गा निःसर्ग वापत १.५ प्रतिशतका दरले तिरेको पुँजीगत लाभकर अनुसूची १० मा नदेखिएको भन्ने विषयमा करदाताबाट प्रात भएको गुनासो प्रति विभागको ध्यानाकर्षण भएको छ।


मालपोत कार्यालयमा आन्तरिक राजस्व कार्यालयको कोड नम्बर राखि बुझाएको पुँजीगत लाभ करको राजस्व भौचरमा करदाताको स्थायी लेखा नम्बर र राजस्व शीर्षक फरक (जस्तैः शीर्षक नम्बर ११125 उल्लेख गर्नुपर्नेमा ११११३ उल्लेख गरेको) उल्लेख गरेको कारण अनुसूची १० मा उक्त कर रकम नदेखिएको हुन सक्ने भएकोले आफ्नो स्थायी लेखा नम्बर र उक्त राजस्व शीर्षक नम्बर यकिन गरी संशोधन गर्नुपर्ने देखिएमा कर बुझाएको सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा निवेदन दिएर समयमै भौचर संशोधन गराउनु हुन सम्बन्धित सबै करदाताहरुलाई जानकारी गराइन्छ।

साथै मालपोत कार्यालयमा नगदी रसिदमार्फत बुझाएको वा मालपोत कार्यालयको कोड नम्बर राखि बैङ्कमा बुझाएको पुँजीगत लाभकरको हकमा करदाता स्वयंले अनुसूची १० मा दावी गर्न सक्ने व्यवस्था गरिएको छ। पुँजीगत लाभकर दावी गर्ने सम्बन्धी प्रकृया निम्नानुसार रहेको छ। यसरी करदाताले अनुसूची १० मा दावी गरेको हकमा आफु दर्ता भएको आन्तरिक राजस्व कार्यालयबाट रुजु गराउनु पर्नेछ। कार्यालयबाट रुजु भएपछि मात्र उक्त कर अनुसूची १० मा आउने छ । त्यसपछि मात्र आय विवरण पेश गर्नु हुन जानकारी गराइन्छ।

# करदाताले मालपोत कार्यालयमा दाखिला गरेको पुँजीगत लाभकर दावी गर्ने प्रक्रिया

१. आन्तरिक राजस्व विभागको वेभसाईट खोली Taxpayer Portal बाट < Income Tax < Do3 Return Entry हुँदै अनुसूची १० मा जाने ।

२. कर दावीको किसिममा “Land Capiital Gain” छनौट गर्ने । तपसिल बमोजिमको फिल्डहरु देखिनेछन् ।


Annex-10

Print

अनुसूची -१०

पछाडि गएर अनुसूची तय गर्न यहाँ क्लिक गर्नुहोस् ।

कर दावीको किसिम : Land Capital Gain

दाखीला निस्सा नम्बर :

लिखत नम्बर :


दाखीला मिति : YYYY.MM.DD

दाखीला रकम :

हिसाब मिलनको कारण :

Add

३. दाखिला निस्सा नम्बरमा राजस्व स्लिप नम्बर, भौचर नम्बर वा नगदी रसिद नम्बर; लिखत नम्बरमा जग्गा पास गर्दाको राजिनामा वा रजिष्ट्रेशन नम्बर; दाखिला मितिमाः राजस्व दाखिला भएको मिति; दाखिला रकममा दाखिला गरेको पुँजीगत लाभकर रकम र हिसाव मिलानको कारणमा के कारणले गर्दा दाखिला कर अनुसूची १० मा स्वतः नआई यसरी दावी गर्नुपरेको हो? सोको कारण उल्लेख गरी “ADD” गर्ने ।


Annex-10

सो आर्थिक बर्षको कर दाखिला र TDS रकम समाबेश गर्न तल लेखिएको Load Payment Vouchers and TDS Amount बटन क्लिक गनुहोस् । सो बाहेक अन्य क्रेडिट भए Transfer of Credit को लागि कार्यालयमा सम्पर्क ...

Load Payment Vouchers and TDS Amount

कर मिलान दावी विवरण

| | १ | २ | ३ | ४ | ५ | | ६ | ७ | ८ | ९ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कर दावीको किसिम | राजश्व शिर्षक | दाखीलाको तरिका | दाखीला निस्सा नम्बर | बैंकको नाम | दाखीला मिति | कार्यालय | अग्रिम कर कट्टीको वि | अग्रिम कर कट्टी गर्नेक | अग्रिम क |
| 1 | | | | 12 | | 2078.06.06 | | | | |

**माथिको भुक्तानि विवरणमा दावि गर्नु नपर्ने भुक्तानि हटाउनको लागी छेउको डिलिट बटनमा क्लिक गर्नुहोला ।

To send request of Land Capital Gain Tax Claim to related IRO/TSO

यस अनुसुचिमा समाबेश भएका कर दाखिला विवरण सहि सौंचो भएको घोषणा गर्दछु ।


**Check Box Select भए पछि मात्र Save वा Update बटन देखिने छ । ।

पछाडि गएर अनुसूची तय गर्न यहाँ क्लिक गर्नुहोस् ।

४. आफूले भरेको विवरण सही भएको घोषणा (Click) गर्ने ।


यस अनुसुचिमा समाबेश भएका कर दाखिला विवरण सहि सौंचो भएको घोषणा गर्दछु ।

५. "सेभ" गर्ने । "सेभ" गरिसकेपछि "To send request of Land Capital Gain Tax Claim to related IRO/TSO Click here" भन्ने विवरणमा Click गर्ने । रिक्वेस्ट सब्मिट भईसकेपछि सब्मिशन नम्बर सहित निम्नानुसारको स्क्रिन देखा पर्नेछ ।




६. करदाताले आफूले भरेका विवरणहरु सेभ गरी उक्त सब्मिशन नम्बर र पुँजीगत लाभकर दाखिलाका प्रमाण कागजातहरु लिई सम्बन्धित राजस्व कार्यालयमा गई विवरण रुजु गराउनु पर्नेछ ।

७. कार्यालयबाट रुजु भएपछि मात्र यसरी दावी गरेको पुँजीगत लाभकरको विवरण करदाताको अनुसूची १० मा जाने हुँदा उक्त रकम आफ्नो अनुसूची १० मा आएको यकिन गरेर मात्र करदाताले आय विवरण रुजु (Verify) गर्नु पर्नेछ ।

**प्रकाशक:**

नेपाल सरकार
अर्थ मन्त्रालय
**आन्तरिक राजस्व विभाग**
लाजिम्पाट, काठमाडौं
फोन: ४४१५८०२/४४१५८०३/४४१२२४७/४४१९७१९/४४३९७८७/४४३९७८९
फ्याक्स: ४४११७८८, इमेल: hq@ird.gov.np, वेभसाइट: www.ird.gov.np

**संरक्षक**
शोभाकान्त पौडेल

**सल्लाहकार**
आनन्द काफ्ले
अर्जुन प्रसाद भट्टराई
गोविन्द प्रसाद सुवेदी
रमेश शर्मा पौड्याल

**सम्पादन समूह**
लक्ष्मी पराजुली
हिमाल गौतम
ठग बहादुर महोत्रा
राज कुमार पोखेल
दिपेश लेखक
केदार श्रेष्ठ
नारायण प्रसाद उपाध्याय
सूर्य प्रसाद चापागाईं